बैठक नं.- ११

मिति - २०७६।०१।१९ गते ।

समयः- १:०० बजे ।

स्थानः- कैलाश गाउँकार्यापालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७६।०१।१९ गते बिहिबारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष्य श्री टंक बहादुर मोक्तान ज्युको अध्यक्ष्यतामा कैलाश गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यापालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहायअनुसारको प्रस्तावहरूमाथि छलफल गरि निम्नानुसारको निर्णय सर्वसम्मतिले पारित गरियो ।

## तपशील

**उपस्थितिः**

| | |
|---|---|
| श्री टंक बहादुर मोक्तान | :- अध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुकुमाया थिङ्ग | :-उपाध्यक्ष्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री पेमा योन्जन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राजेन्द्र घिसिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री देव लाल बल | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री तिलक बहादुर मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री छेकु लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री ठुलो कान्छा लामा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री उदाश कुमार भ्लोन | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुर्ज कुमार थिङ्ग | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री सुमन लटौला | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री मणिक लाल मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लक्ष्मी मुक्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री आशिष प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री राममाया प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री फुलमाया सिन्तान | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री गोबिन्द बि.क. | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री संगिता प्रजा | :- सदस्य, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |
| श्री लोकबहादुर कुसारी | :- सदस्य-सचिव, कैलाश गाउँकार्यापालिका, मकवानपुर । |

**बैठकका एजेन्डाहरू :-**

१. विशेष गाउँसभा सम्बन्धमा ।

२. योजना संशोधन सम्बन्धमा ।

३. रकमान्तर सम्बन्धमा ।

४. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

५. कृषि संकलन केन्द्र निर्माणको जग्गा सम्बन्धमा ।

६. राहत बितरणको मापदण्ड सम्बन्धमा ।

७. स्वास्थ्यतर्फका कर्मचारी/वडा सचिव व्यवस्थापन सम्बन्धमा ।

८.योजना सम्झौताको म्याद थप सम्बन्धमा ।

०९.योजना/ आयोजनाहरूको अनुगमन तथा निरिक्षण सम्बन्धमा ।

१०.योजना/आयोजनाहरूको जाँजपास तथा फरफारक सम्बन्धमा ।

११. गाउँपालिकाका लागि आवश्यक कार्यविधि निर्माण तथा अनुमोदन सम्बन्धमा ।

१२. गाउँपालिकाको सफ्टवेयर व्यवस्थापन सम्बन्धमा ।

१३. कर्मचारी प्रोत्साहन मापदण्ड सम्बन्धमा ।

१४. जिल्ला दररेट अनुमोदन सम्बन्धमा ।

१५. सुचना अधिकारीको सञ्चारमहशुल सम्बन्धमा ।

१६. बिविध सम्बन्धमा ।

**निर्णयहरू:-**

**निर्णय नं. १:-** प्रस्ताव नं. १ को बिषयमा आवश्यक छलफल गर्दा गाउँकार्यापालिका निर्णयहरू, गाउँपालिका अध्यक्ष्य, उपाध्यक्ष्य, प्रमुख प्रशासकिय अधिकृत, बिषयगत समिति तथा शाखा, वडा कार्यालयहरू र गाउँकार्यपालिकाको कार्यालयले गरेका बिभिन्न निर्णय, तोक आदेश अनुमोदन गर्न, बजेट रकमान्तर र शिर्षक शंशोधन तथा योजना तथा आयोजनाहरूको समिक्षा र आगामि बजेट तथा कार्यक्रम निर्माणका लागि गाउँसभाको मिति २०७६।०१।२६ र २७ गते तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २:-** प्रस्ताव नं. २ को बिषयमा आवश्यक छलफल गर्दा आ.ब. ०७५।०७६ गाउँसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरू संशोधन गर्नुपर्ने देखिएकाले शिर्षक र बजेट तपशीलको ढाँचामा वडा समितिको निर्णय सहित शंशोधन गरि गाउँकार्यपालिकामा पेश गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**तपशील**

| क्र.सं. | स्वीकृत योजना | संशोधन गरि कायम भएका योजना |
|---|---|---|
| | | |

**निर्णय नं. ३:-** प्रस्ताव नं. ३ को बिषयमा आवश्यक छलफल गर्दा चालु तथा पुजीगत केही शिर्षकको बजेट कम वा बढी खर्च हुने देखिएकाले सो शिर्षकको रकमान्तर गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:- प्रस्ताव नं. ४ को विषयमा आवश्यक छलफल गर्दा गाउँकार्यापालिका कार्यालयमा कर्मचारी अभाव भएको सन्दर्भमा तोकिएको मापदण्डमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंमा माग गर्ने र जिल्ला समन्वय समिति, मकवानपुरबाट समायोजन भइ आउनुभएका श्री त्रिलोक थापा, देवेन्द्र प्रधान र छठु साह लाइ उपयुक्त जिम्मेवारी तोकि कामकाजमा खटाउने निर्णय गरियो ।

निर्णय नं. ५:- प्रस्ताव नं. ५ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकामा आ.ब. ०७५।०७६ को बजेट अन्तर्गत कृषि संकलन केन्द्र निर्माण गर्न सार्वजानिक जग्गा आवश्यक पर्ने हुँदा सो नभएकाले तत्कालका लागि सम्बन्धित जग्गाधनिहरूको मञ्जुरीनामा र वडा कार्यालयको सिफारिस प्राप्त हुन आएमा गाउँकार्यपालिकाबाट सम्झौता गर्ने र सार्वजानिक जग्गाको हकमा स्थलगत सर्जमिनसहितको वडा सिफारिसका आधारमा सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:- प्रस्ताव नं. ६ को विषयमा आवश्यक छलफल गर्दा क्षतिपुर्तिको प्रकृति अनुसार तपशिल बमोजिम हुनेगरि मापदण्ड निर्धारण गरियो ।

तपशील

| क.स. | क्षतिपुर्तिको प्रकृति | राहत रकम रू | कैफियत |
|---|---|---|---|
| १ | घरआगलागि | २०,०००।- | निवेदन, नागरिकता प्रतिलिपि,प्रहरी मुजुल्का र वडा सिफारिस आवश्यक पर्ने । |
| २ | गोठ आगलागि | ५,०००।- | निवेदन, नागरिकता प्रतिलिपि,प्रहरी मुजुल्का र वडा सिफारिस आवश्यक पर्ने । |
| ३ | मुटुरोगी | १०,०००।- | निवेदन, नागरिकता प्रतिलिपि, मेडिकलबोर्डको सिफारिस र वडा सिफारिस आवश्यक पर्ने |
| ४ | क्यान्सर | १०,०००।- | निवेदन, नागरिकता प्रतिलिपि, मेडिकलबोर्डको सिफारिस र वडा सिफारिस आवश्यक पर्ने |
| ५ | पहिरो गइ बास क्षति | १५,०००।- | निवेदन, नागरिकता प्रतिलिपि,प्राविधिक मुल्याङकन, प्रहरी मुजुल्का र वडा सिफारिस आवश्यक पर्ने |
| ६ | हात खुट्टा भाँचिएको | ५,०००।- | निवेदन, नागरिकता प्रतिलिपि, मेडिकलबोर्डको सिफारिस र वडा सिफारिस आवश्यक पर्ने |
| ७ | कम्मर ढाँड भाँचिएको | १५,०००।- | निवेदन, नागरिकता प्रतिलिपि, |

ार्यालयहरूमा कार्यरत स्थायी हे.अ. अ.हे.व. अ.न.मि. हरूलाई पायक पर्ने गाउँपालिकाको वडाहरूमा
कों व्यवस्था नभएसम्मका लागि थप जिम्मेवारीका लागि कामकाजका लागि खटाउने र तपशीलका
डाहरूमा तपशीलका स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरू खटाउने निर्णय गरियो ।

पशील

| .स. | नामथर | कार्यरत कार्यालय | खटाइएको वडा कार्यालय | कैफियत |
|---|---|---|---|---|
| | शेरबहादुर खत्री | गोगने स्वास्थ्य चौकी | वडा नं. १ र २ | वडासचिव |
| | लोकेन्द्र प्रसाद अधिकारी | कटुन्जे स्वास्थ्य चौकी | वडा नं. ३ र ४ | वडासचिव |
| | नरेन्द्र धानुक | भार्ता स्वास्थ्य चौकी | वडा नं. ७ र ८ | वडासचिव |

<u>निर्णय नं. ८</u>:- प्रस्ताव नं. ८ को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकामा आ.व. ०७५।०७६ को बिनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनको शिलसिलामा कर्मचारीहरूको समायोजन सरूवा प्रकृयाले योजना तथा कार्यक्रमको सम्झौतामा असर परेकाले २०७६ जेठ ७ गते सम्म योजना सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ९</u>:- प्रस्ताव नं. ९ को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकामा सञ्चालित योजनाहरूको स्थलगत अनुगमन तथा निरिक्षण गर्नको लागि गा.पा. उपाध्यक्ष्य श्री सुकुमाया थिङ्ग को संयोजकत्वमा ५ सदस्यीय अनुगमन समिति गठन गरियो ।

| | | |
|---|---|---|
| श्री सुकुमाया थिङ्ग | - | संयोजक |
| श्री सम्बन्धित वडाध्यक्ष्य | - | सदस्य |
| श्री राममाया चेपाङ | - | सदस्य |
| श्री लोकबहादुर कुसारी | - | सदस्य |
| श्री महेश के.सी. | - | सदस्य |

<u>निर्णय नं. १०</u>:- प्रस्ताव नं. १० को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको अध्यक्ष्य श्री टंक बहादुर मोक्तानको संयोजकत्वमा ५ सदस्यीय जाँचपाँस तथा फरफारक समिति गठन भएकोमा सदस्य प्र.प्र.अ. श्री टंक बहादुर नेगी र सदस्य सचिव श्री मनोज कुमार लामिछाने सरूवा भइ जानुभएकाले अव उपरान्त तपशील बमोजिमको जाँचपास तथा फरफारक समिति पुनर्गठन गर्ने निर्ण गरियो ।

<u>तपशिल</u>

संयोजक - श्री टंक बहादुर मुक्तान

सदस्य - श्री सुकुमाया थिङ्ग

सदस्य - श्री लक्ष्मी मुक्तान

<u>निर्णय नं. ११</u>:- प्रस्ताव नं. ११ को बिषयमा व्यापक छलफल गर्दा कैलाश गाउँपालिका लागि आवश्यकपर्ने कैलाश गाउँपालिका कर्मचारी प्रोत्साहनभत्ता सम्बन्धी मापदण्ड, २०७६ राजपत्रमा प्रकाशन गरि लागु गर्ने गरि कार्यापालिकाबाट स्वीकृति तथा अनुमोदन गरियो ।

११९६

प्रशासकीय अधिकृत

९१५

**निर्णय नं. १२**:- प्रस्ताव नं. १२ को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकामा जडान गरेको सुविशु इन्टरनेट सेवाको सेवा छिटो र छरितो तवरमा प्रवाह नभएकाले यस गाउँपालिकाका विभिन्न शाखाहरूमा सम्वन्धित शिर्षकबाट खर्च व्यहोर्ने गरि सुधार र मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**:- प्रस्ताव नं. १३ को बिषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको कर्मचारीहरूलाइ कार्यसम्पादन स्वरूप प्रोत्साहन भत्ता प्रदान गर्दा यस गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धि मापदण्ड,२०७६ बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**:- प्रस्ताव नं. १४ को बिषयमा आवश्यक छलफल गर्दा गाउँपालिकाले हालसम्म गाउँपालिका दररेट मकवानपुर जिल्ला दररेट अनुसार गरेकोले हालसम्मको लागु गरेको दररेट स्वीकृत गर्दै चालु आ.ब.का लागि सम्म सोही बमोजिम दररेट लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**:- प्रस्ताव नं. १५ को बिषयमा आवश्यक छलफल गर्दा गाउँपालिकामा सुचना अधिकारीको रूपमा कार्यसम्पादन गर्दै आउनुभएका सुचना प्रविधि अधिकृत श्री प्रकाश राइलाइ मासिक रू १,०००।-( एक हजार रूपैया मात्र ।) का दरले चालु तर्फको सञ्चार महशुल शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६**:- प्रस्ताव नं. १६ को बिबिध बिषयमा आवश्यक छलफल गर्दा तपशील अनुसारको नोटहरूमा उल्लेखित हुनेगरि निर्णय गरियो ।

तपशील

*नोट १*:- गाउँकार्यपालिकाको कार्यालय र गाउँपालिकाभित्रका सम्पुर्ण माध्यामिक बिधालयहरूमा सम्वन्धित शिर्षकबाट खर्च व्यहोर्ने गरि इ हाजिर मेशिन जडान गर्ने ।

*नोट २*:- यस गाउँपालिकाको वडा नं. ५, ८ र २ हरूमा मिति २०७६।०१।१० गते अविरल वर्षाका कारण सडकमा क्षति पुर्याएको हुँदा प्राविधिकको लागत अनुमान अनुसार बजेट व्यवस्थापन गरि मर्मत तथा सुधार गर्ने ।

*नोट ३*:- यस गाउँपालिका अन्तर्तगत वडा नं. ५ गोलढुङ्गामा रहेका सुन्दरीदेवी निमाबिमा बिधार्थी संख्या न्युन रहेकोले उक्त बिधालयलाइ कक्षा घटुवा गर्न सम्वन्धित शाखालाइ आवश्यक कार्यार्थको लागि प्रतिवेदन तयार गरि निर्णार्थ पेश गर्न निर्देशन दिने ।

*नोट ४*:- अस्थायि करारमा रहेका शिक्षकहरूको अनिवार्य अवकाश तथा गोल्डन ह्यानसेकबाट शिक्षक रिक्त हुन आएको बिधालयहरूमा नजिकको बिधालयहरूवाट सो बिधालयमा भर्ना अभियान सञ्चालन गर्न सम्वन्धित शाखालाइ व्यवस्था मिलाउन जिम्मा दिने ।

सक्कल बमोजिम नक्कल प्रमाणित स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ८४ २(ञ) अनुसार प्रमाणित ।

उपरोक्त प्रस्तावहरूमाथि निर्णय गरि कार्यपालिकाको बैठक समापन गरियो ।